पठाउन सकिनेछ। यसको लागि **अनुसूची - २४** को फाराम प्रयोग गर्न सकिनेछ। यस सूचीलाई बजेट तथा कार्यक्रम तर्जुमा समितिले कार्यपालिका अन्तर्गतका सम्बन्धित महाशाखा, शाखा वा एकाइमा पठाउनु पर्नेछ।

## चरण ५: बजेट तथा कार्यक्रम तर्जुमा

यस चरण अन्तर्गतका कार्यहरू देहायअनुसार सञ्चालन गरिनेछ :-

### ५.१ विषयगत क्षेत्र आयोजना तथा कार्यक्रम तर्जुमा गर्ने

विषयगत महाशाखा, शाखा तथा एकाइले प्राप्त बजेट सीमा तथा मार्गदर्शन अनुसार विषयगत आयोजना/कार्यक्रमको सूची तयार गर्नुपर्दछ। यसरी सूची तयार गर्दा, आवधिक योजना, आयोजना बैङ्क, चालु आर्थिक वर्षको मध्यमकालीन खर्च संरचना र वडा समिति लगायत विभिन्न स्रोतहरूबाट प्राप्त आयोजना तथा कार्यक्रमहरूलाई आधार लिनुपर्दछ। सूचीमा समावेश आयोजना तथा कार्यक्रमलाई महाशाखा/शाखा/एकाइले प्राथमिकताक्रम निर्धारण गरी **अनुसूची - २५** बमोजिमको ढाँचामा सम्बन्धित विषयगत समितिमा पेश गर्नुपर्दछ।

**गाउँ/नगरस्तरीय विषयगत आयोजनाको सूची**

गाउँ/नगरस्तरीय विषयगत क्षेत्र आयोजना/कार्यक्रमहरुको सूची तयार गर्दा देहायका श्रोतलाई आधार लिनु पर्दछ :

- गाउँ/नगरपालिकाका गौरवका संभाव्य आयोजना/कार्यक्रमहरू;
- आवधिक तथा विषयगत गुरुयोजनामा समावेश आयोजना तथा कार्यक्रमहरू;
- आयोजना बैङ्क तथा मध्यमकालीन खर्च संरचनामा समावेश भएका आयोजना तथा कार्यक्रमहरू;
- सशर्त र समपूरक अनुदान अन्तर्गत सञ्चालन हुने आयोजना तथा कार्यक्रमहरू;
- वडा समितिबाट छुट्टै सूचीको रूपमा प्राप्त भएका आयोजना तथा कार्यक्रम आदि ।

### ५.२ गैसस र अन्य सङ्घ/संस्थाबाट योजना तथा बजेट सङ्कलन गर्ने

गाउँ/नगरपालिका क्षेत्रभित्र कार्यरत अ/गैसस, उपभोक्ता समिति, सहकारी, अन्य सामाजिक तथा सामुदायिक सङ्घ/संस्थाबाट आगामी आर्थिक वर्षमा सञ्चालन गर्न प्रस्ताव गरेका आयोजना तथा कार्यक्रमहरू निर्धारित वा आ-आफ्नो ढाँचामा **जेष्ठ १० गतेभित्र** कार्यपालिकामा पेश गर्नुपर्दछ। यसरी पेश भएका आयोजना तथा कार्यक्रमको विषयमा छलफल गर्न बजेट तथा कार्यक्रम तर्जुमा समितिले बैठक बोलाउन सक्नेछ।

### ५.३ विषयगत समितिहरूमा छलफल र प्राथमिकता निर्धारण गर्ने

विषयगत महाशाखा/शाखा/एकाइबाट प्राप्त आयोजना तथा कार्यक्रमलाई विषयगत समितिहरूमा छलफल गरी विषय क्षेत्र अनुसार पुनः प्राथमिकता निर्धारण गरी बजेट तथा कार्यक्रम तर्जुमा समितिमा पेश गर्नुपर्नेछ। विषयगत समितिहरूले आ-आफ्नो क्षेत्रसँग सम्बन्धित आयोजना तथा कार्यक्रमहरूलाई

स्थानीय तहको आवधिक योजना, क्षेत्रगत रणनीतिहरू, आयोजना प्राथमिकता निर्धारणका आधार तथा मार्गदर्शन बमोजिम प्राथमिकताक्रम निर्धारण गर्नुपर्दछ।

## ५.४ वार्षिक विकास कार्यक्रमको प्रस्ताव तयार गर्ने

बजेट तथा कार्यक्रम तर्जुमा समितिले विषयगत समितिहरूबाट प्राथमिकताक्रम निर्धारणसहित पेश भएका आयोजना तथा कार्यक्रमहरूमा दोहोरो नपर्ने तथा बजेट सीमाभित्र रहेका र मार्गदर्शनअनुसार हुने देहायमा उल्लिखित आधारहरू हेरी वार्षिक विकास कार्यक्रमको प्रस्ताव तयार गर्नुपर्दछ। वार्षिक विकास कार्यक्रम तयारी ढाँचा **अनुसूची - २६** मा दिइएको छ।

(क) स्थानीय तहको आवधिक योजनाको सोंच, लक्ष्य, उद्देश्य तथा रणनीतिअनुसारको आयोजना तथा कार्यक्रम;

(ख) स्थानीय तहको आयोजना बैङ्क तथा मध्यमकालीन खर्च संरचनामा समावेश भएका, सम्भावना अध्ययन तथा विस्तृत आयोजना प्रतिवेदन तयार भई लागत यकिन भएका आयोजना तथा कार्यक्रम;

(ग) विषयगत समितिबाट प्राथमिकताक्रम निर्धारण भई नआएका तर गाउँ/नगरस्तरका महत्वपूर्ण आयोजनाहरू छनौट गर्नुपर्ने भएमा स्पष्ट आधार र औचित्य समेतको आधारमा बजेटको सुनिश्चितता हुने गरी प्रस्ताव भएका आयोजना तथा कार्यक्रम;

(घ) स्थानीय तहको स्रोत साधनले मात्र आयोजना सम्पन्न गर्न संभव नभएका तर स्थानीय तहका लागि अत्यावश्यक र तोकिएको मापदण्ड पूरा गरेका आयोजना तथा कार्यक्रमहरूलाई समपूरक तथा विशेष अनुदानबाट सञ्चालन गर्नका लागि प्रस्ताव भएका आयोजना तथा कार्यक्रम;

(ङ) आयोजनाको भौतिक तथा वित्तीय प्रगति र कार्यतालिका अनुरूप आगामी आर्थिक वर्षका लागि आवश्यक पर्ने बजेट सुनिश्चित भएका बहुवर्षीय आयोजनाहरू;

(च) दिगो विकास लक्ष्य स्थानीयकरणका लागि आवश्यक आयोजना तथा कार्यक्रम;

(छ) समावेशीकरण, वातावरण व्यवस्थापन, विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन, जलवायु परिवर्तन अनुकूलन, बालमैत्री तथा वातावरणमैत्री कार्यहरू, सुशासन र सदाचार प्रवर्द्धन जस्ता साझा विषयलाई सम्बोधन गर्ने आयोजना तथा कार्यक्रम।

## ५.५ अ/गैसस तथा विकास साझेदारको कार्यक्रमलाई एकीकृत गरी समावेश गर्ने

गाउँ/नगरपालिकामा कार्यरत अ/गैसस, उपभोक्ता समिति एवम् विकास साझेदारहरूबाट प्राप्त बजेट तथा कार्यक्रम माथि छलफल गरी दोहोरो नहुने तथा सम्बन्धित निकाय/संस्थाबाट सञ्चालन हुने गरी वार्षिक बजेट तथा कार्यक्रमको प्रस्तावमा समावेश गराउनु पर्दछ। यसरी कार्यक्रम समावेश गर्दा निर्धारित वा उपलब्ध ढाँचामा तयार गर्न सकिनेछ।

## ५.६ बजेट (राजस्व, व्यय र वित्तीय व्यवस्था) को प्रस्ताव तयार गर्ने

वार्षिक कार्यक्रम तथा आयोजनालाई अन्तिम रूप दिएपछि सोको लागि आवश्यक व्यय अनुमान सम्बन्धित शीर्षकमा समावेश गर्नुपर्दछ। यस चरणमा स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले गरेको राजस्व तथा व्यय प्रक्षेपणलाई अद्यावधिक गरी आगामी वर्षका लागि आय, व्यय तथा वित्तीय व्यवस्था बजेट तयार गर्नुपर्दछ। आय, व्यय तथा वित्तीय व्यवस्था बजेटको ढाँचा **अनुसूची - २७** बमोजिम छ।

**अनुसूची २५:**

## गाउँ/नगरपालिका स्तरीय विषय क्षेत्रगत आयोजना तथा कार्यक्रम सूची तयारी ढाँचा

*(दिग्दर्शनको परिच्छेद ४ को दफा ४.८ चरण ५ को ५.१ सँग सम्बन्धित)*

| प्रस्तावित आयोजना तथा कार्यक्रमको विवरण | | | | लाभान्वित घरधुरी वा जनसंख्या | कार्यान्वयन विधि | अनुमानित लागत | आवधिक योजना नतिजा र रणनीतिमा पुग्ने योगदान |
|---|---|---|---|---|---|---|---|
| नाम | स्थल | परिमाण | प्राथमिकता | | | | |
| आर्थिक विकास | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| सामाजिक विकास | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| पूर्वाधार विकास | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| वन, वातावरण र विपद् व्यवस्थापन | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| संस्थागत विकास र सुशासन | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

### गाउँ/नगरपालिका स्तरीय योजनामा समावेश गर्नुपर्ने आयोजना तथा कार्यक्रमको केही उदाहरण

- बाल संरक्षण र बालगृह सम्बन्धी आयोजना
- स्वास्थ्य चौकी, प्राथमिक स्वास्थ्य केन्द्र र अस्पतालको भवन निर्माण, स्वास्थ्य उपकरण र स्वास्थ्यकर्मी व्यवस्थापन कार्यक्रम
- फिजियोथेरापी सेवा, दन्त सेवा, आँखा उपचार सेवा, सरुवारोग सेवा सर्पदंश उचार सेवा व्यवस्थापन कार्यक्रम
- आर्थिक सामाजिक सामाजिक परिचालन, आद्यौगिक तथा व्यवसाय प्रवर्द्धन
- औद्योगिक ग्राम निर्माण आयोजना
- विद्युतीकरण कार्यक्रम
- सामुदायिक विद्यालयमा STEM कार्यक्रम
- लैङ्गिक हिंसा न्यूनीकरण कार्यक्रम
- नदी नियन्त्रण आयोजना
- फोहोरमैला व्यवस्थापन र सरसफाइ कार्यक्रम
- सिटी सेन्टर निर्माण आयोजना
- जग्गा विकास कार्यक्रम
- सतह सिंचाई आयोजना
- पाइप प्रणाली तथा लिफ्ट खानेपानी आयोजना
- संरक्षित क्षेत्र, सांस्कृतिक र पर्यटन क्षेत्र विकास आयोजना र
- सहरी पुनरोत्थान आयोजना